मध्यविन्दु नगरपालिका

# स्थानीय राजपत्र

खण्डः ७ संख्याः ९ मितिः २०८०/१०/२५

## भाग-१

## मध्यविन्दु नगरपालिका

# स्थानीय जलश्रोत ऐन, २०८०

नगरसभाबाट स्वीकृत मितिः २०८०/१०/१५
नगरप्रमुखबाट प्रमाणिकरण मितिः २०८०/१०/२५
राजपत्रमा प्रकाशित मितिः २०८०/१०/२५

**प्रस्तावनाः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ उपदफा २ (ध) ले दिएको अधिकारको प्रयोग गरी मध्यविन्दु नगरपालिका क्षेत्रभित्रको भू सतहमा वा भूमिगत वा अन्य कुनै अवस्थामा रहेको जलश्रोतको समुचित उपयोग, संरक्षण, व्यवस्थापन विकास र समुदायमा पर्याप्त सफा स्वच्छ खानेपानीको व्यवस्था गर्न गराउन त्यस्तो उपयोगबाट हुने वातावरणीय तथा अन्य हानीकारक प्रभावको रोकथाम एवं जलश्रोतलाई प्रदुषण मुक्त राख्ने सम्बन्धमा कानुनी व्यवस्था गर्न वाञ्छनीय भएकोले नेपालको संविधानको धारा २२६ को उपधारा १ एवम् स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ (१) बमोजिम मध्यविन्दु नगरपालिकाको नगर सभाले यो ऐन बनाएको छ।

मध्यविन्दु नगरपालिका

# परिच्छेद १
# प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यस ऐनको नाम “मध्यविन्दु नगरपालिका जलश्रोत ऐन, २०८०" रहेको छ।

(२) यो ऐन नगरसभाबाट पारित भई स्थानीय राजपत्रमा प्रकाशित भएको मिति देखि लागू हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,

(१) “नगरपलिका" भन्नाले मध्यविन्दु नगरपालिका सम्झनु पर्दछ।

(२) “नगर सभा" भन्नाले मध्यविन्दु नगरपालिकाको नगरसभालाई सम्झनु पर्दछ।

(३) “कार्यपालिका" भन्नाले मध्यविन्दु नगरपालिकाको नगर कार्यपालिका सम्झनु पर्दछ।

(४) “नगर प्रमुख" भन्नाले मध्यविन्दु नगरपालिकाको नगर प्रमुखलाई सम्झनु पर्दछ।

(५) “उपप्रमुख" भन्नाले मध्यविन्दु नगरपालिकाको उपप्रमुखलाई सम्झनु पर्दछ।

(६) “प्रमुख प्रशासकीय अधिकृत" भन्नाले मध्यविन्दु नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ।

(७) “कार्यालय" भन्नाले मध्यविन्दु नगर कार्यपालिकाको कार्यालय भन्ने सम्झनु पर्दछ।

(८) “वडा अध्यक्ष" भन्नाले मध्यविन्दु नगरपालिकाको वडा अध्यक्षहरुलाई सम्झनु पर्दछ।

(९) “कार्यपालिका सदस्य" भन्नाले मध्यविन्दु नगरपालिकाको नगर प्रमुख, उपप्रमुख, वडाअध्यक्ष तथा कार्यपालिका सदस्य समेतलाई जनाउँछ।

(१०) “नगर जलस्रोत समिति" भन्नाले यस ऐनको दफा ३० बमोंजिमको नगर जलस्रोत समिति सम्झनु पर्दछ।

(११) “जलस्रोत" भन्नाले भू सतह वा भूमिगत वा अन्य कुनै अवस्थामा रहेको जलस्रोत वा खानेपानीको स्रोत सम्झनु पर्दछ।

(१२) “संरचना" भन्नाले जलस्रोत वा खानेपानी जम्मा गर्न, नियन्त्रण गर्न, शुद्दिकरण गर्न वा वितरण गर्न बनाईएको जलाशय र सो जलाशयले चर्चेको क्षेत्र सम्झनु पर्दछ र सो शब्दले त्यस्तै उद्देश्यले बनाईएको पानी टयांकी पाइप लाइन, निकास, धारा वा त्यस्तै प्रकारका अन्य संरचनालाई समेत जनाउँछ।

(१३) “सर्वेक्षण" भन्नाले जल श्रोत को उपयोग वा खानेपानी आयोजना संचालनको लागि संरचनाको निर्माण गर्दा पर्ने वातावरणीय असर जलश्रोत उपयोग परिमाण, लाभान्वित क्षेत्र, समुदाय संख्या लगायत आर्थिक तथा प्राविधिक तथ्यांङकहरु समेतको विष्लेषण गरी विस्तृत रुपबाट तयार

गरिएका संभाव्यता अध्ययन तथा अन्वेषण र तत् सम्बन्धी विस्तृत इन्जनियरिङ डिजाइन समेतको कार्य सम्झनुपर्दछ।

(१४) "परियोजना" भन्नाले अनुमितपत्र प्राप्त व्यक्ति वा उपभोक्ता संस्था वा सेवाप्रदायक निकायले संचालन गर्ने जलश्रोत वा खानेपानी परियोजना सम्झनुपर्दछ र सो शब्दले संघीय, प्रदेश सरकार वा मातहतका निकाय वा नगरपालिका वा अन्य सरकारी, गैरसरकारी दातृ निकायले उपभोक्ता संस्थालाई हस्तान्तरण गरेको वा उपभोक्ता संस्था आफैले विकास गरी संचालनमा रहेको जलश्रोत वा खानेपानी परियोजना समेतलाई जनाउँछ।

(१५) "आपूर्तिकर्ता" भन्नाले यस ऐन बमोजिम उपभोक्तालाई जलश्रोत सम्बन्धी सेवा वा खानेपानी आपूर्ति गर्ने उपभोक्ता संस्था वा अनुमति प्राप्त व्यक्ति वा निकाय सम्झनुपर्दछ।

(१६) "सेवा" भन्नाले उपभोक्तालाई उपलब्ध गराएको खानेपानी वा जलश्रोत सम्बन्धी वस्तु वा सेवा सम्झनुपर्दछ।

(१७) "उपभोक्ता संस्था" भन्नाले यस ऐन को दफा ११ बमोजिम गठित उपभोक्ता संस्था सम्झनुपर्दछ।

(१८) "उपभोक्ता " भन्नाले आपूर्तिकर्तले उपलब्ध गराएको वस्तु वा सेवा उपभोग गर्ने व्यक्ति वा निकाय वा समुदाय सम्झनुपर्दछ।

(१९) "सेवा शुल्क" भन्नाले वस्तु वा सेवा उपभोग गरे वापत उपभोक्ताले आपूर्तिकर्ता वा सेवा प्रदायक वा उपभोक्ता संस्थालाई बुझाउनु पर्ने निर्धारित शुल्क सम्झनुपर्दछ र सो शब्दले विलम्व शुल्क समेतलाई जनाउँछ।

(२०) "मन्त्रालय " भन्नाले जलश्रोत र खानेपानी सम्बन्धी विषय हेर्ने संघ र प्रदेशको मन्त्रालयलाई सम्झनुपर्दछ।

(२१) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेका नियममा तोकिएका वा तोकिए बमोजिम वा कार्यपालिकाले तोके बमोजिम सम्झनुपर्दछ।

मध्यबिन्दु नगरपालिका

## परिच्छेद २
## जलश्रोतको स्वामित्व र उपयोग सम्बन्धी व्यवस्था

**३. जलश्रोतको स्वामित्वः**

(१) नगरपालिका क्षेत्रभित्र भू सतहमा वा भूमिगत वा अन्य कुनै अवस्थामा रहेको जलश्रोतको स्वामित्व नगरपालिकामा निहित रहनेछ।

**४. जलश्रोतको व्यवस्थापन र सेवाः**

(१) आफ्नो क्षेत्रभित्र भू सतहमा वा भूमिगत वा अन्य कुनै अवस्थामा रहेको जलश्रोतको समुचित व्यवस्थापन र उपयोग नीतिद्धारा नगरवासीलाई स्वच्छ खानेपानी पुर्‍याउने, सिंचाई लगायत जलश्रोतबाट हुन सक्ने सबै प्रकारका सेवा दिने व्यवस्था नगरपालिकाले मिलाउनेछ।

(२) नगरपालिकाले आफ्नै स्रोतबाट वा संघ र प्रदेश सरकारबाट वा दातृ निकायको सहयोगमा आयोजना संचालन गरी गराई जलश्रोतको समुचित व्यवस्थापनबाट नगरपालिका क्षेत्रभित्र खानेपानी आपूर्ति, सिंचाई लगायतको व्यवस्थापन गर्नेछ।

(३) उपदफा (२) बमोजिम कार्य गर्दा सेवाका सर्त सुविधा एवं आयोजना संचालन प्रकृया तोकिए बमोजिम हुनेछ ।

**५. जलश्रोत उपयोगः**

(१) यस ऐन बमोजिम अनुमतिपत्र प्राप्त नगरी कसैले पनि जलश्रोतको उपयोग गर्न पाउने छैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि देहाय बमोजिम जलश्रोतको उपयोग गर्न अनुमति पत्र लिनुपर्ने छैन :

(क) व्यक्तिगत तथा पारिवारीक रुपमा आफ्नो निजी प्रयोजनको लागि खानेपानीको उपयोग गर्न,

(ख) व्यक्तिगत तथा परिवारीक रुपमा आफ्नो जग्गामा सिंचाई गर्न,

(ग) घरेलु उद्योगका रुपमा पानीघट्ट वा पानीचक्की चलाउन,

(घ) जग्गा धनीले आफ्ना जग्गाभित्र मात्र सिमित रहेको जलश्रोत तोकिए बमोजिम उपयोग गर्न,

(३) जलश्रोतको उपयोग गर्ने व्यक्ति वा सङ्गठित संस्थाले अरुलाई मर्का नपर्ने गरी लाभदायक उपयोग गर्नुपर्नेछ।

**६. जलश्रोत उपयोगको प्राथमिकताक्रमः**

(१) जलश्रोतको उपयोग गर्दा गराउँदा वा गर्न स्वीकृति दिँदा साधारणतया देहायका प्राथमिकताक्रम अनुसार गराइनेछः

(क) खानेपानी र घरेलु उपयोग,

(ख) सिंचाई,

(ग) पशुपालन तथा मत्स्यपालन जस्ता कृषिजन्य उपयोग,

(घ) घरेलु उद्योग औद्योगिक व्यवसाय तथा खानीजन्य उपयोग,

(ङ) जल यातायात,

(च) आमोद प्रमोदजन्य उपयोग,

(छ) अन्य उपयोग

(२) जलश्रोत उपयोग गर्दा कुनै विवाद उत्पन्न भएमा नगर जलश्रोत समितिले उपदफा (१) बमोजिमको प्राथमिकता क्रम, दफा (५) को उपदफा (३) बमोजिम जलश्रोतका लाभदायक उपयोग भए नभएको र अन्य आवश्यक जाँचबुझ समेत गरी सोको आधारमा सम्बन्धित जलश्रोतको उपयोग गर्न पाउने नपाउने वा कुन किसिमले उपयोग गर्न पाउने भन्ने कुराको निर्धारण गर्नेछ।

**७. नगरपालिकाले जलश्रोतको उपयोग वा विकास गर्न सक्नेः**

(१) नगरपालिका आफैले कुनै जलश्रोत उपयोग वा विकास गर्न योजना बनाई काम गर्न यस ऐनले कुनै वाधा पुऱ्याएको मानिने छैन।

(२) कसैले यस ऐन बमोजिम उपयोग गरेको जलश्रोत र सो सँग सम्बन्धित जग्गा, भवन, उपकरण तथा संरचना सार्वजनिक हित र उपयोगको लागि नगरपालिकाले आफ्नो मातहत लिई प्रत्यक्ष रुपमा सञ्चालन, व्यवस्थापन तथा विकास गर्न सकिनेछ।

(३) उपदफा (२) बमोजिम आफुले लिएको जलश्रोतको उपयोगिता सम्बन्धित जग्गा, भवन, उपकरण तथा संरचनाको स्वामित्व उक्त संस्थाको साधारण सभाको निर्णयले हस्तान्तरण हुनेछ।

(४) नगरपालिकाले आफ्नो क्षेत्रभित्र अन्य व्यक्ति निकाय वा संगठित संस्थाले उपयोग गरि रहेको जलश्रोतलाई निजहरुसँगको समन्वय तथा साझेदारीमा पर्यटन लगायत अन्य व्यवसायलाई प्रवर्द्दन गर्न आवश्यक कार्य योजना बनाई लागू गर्न सक्नेछ।

**८. जलश्रोत विकासको परियोजना हस्तान्तरण गर्न सक्नेः**

(१) नगरपालिकाले विकास गरेको कुनै जलश्रोत वा खानेपानी सम्बन्धी परियोजनाको निर्माण सम्पन्न भई सके पछि उपभोक्ता संस्थालाई आवश्यक शर्तहरु तोकी हस्तान्तरण गर्न सकिनेछ।

(२) उपदफा (१) बमोजिम हस्तान्तरण गरिएको परियोजना उपरको स्वामित्व सम्बन्धित उपभोक्ता संस्थाको हुनेछ र यस ऐनको अधिनमा रही आफुले अनुमति पत्र प्राप्त गरे सरह सो परियोजनाको संचालन सम्बन्धित उपभोक्ता संस्थाले गर्नेछ।



मध्यबिन्दु नगरपालिका

**९. जलश्रोतको उपयोगको लागि करार गर्न सक्नेः**

(१) यस ऐनमा जुन सुकै कुरा लेखिएको भएतापनि नगरपालिकाले कुनै संगठित संस्था वा व्यक्तिसँग प्रचलित कानूनको अधिनमा रही करार गरेर सोही करारमा उल्लेखित शर्तहरु बमोजिम कुनै जलश्रोतको निकास उपयोग र सेवा विस्तार गर्न गराउन सक्नेछ ।

**१०. दातृ संघ, संस्था, निकायले काम गर्न सक्नेः**

(१) विभिन्न सरकारी तथा गैर सरकारी दातृ संघ, संस्था, निकायले नगरपालिकासँगको साझेदारीमा वा नगरपालिकाको स्वीकृतिमा उपभोक्ता संस्था वा सेवा प्रदायक निकायसँगको साझेदारीमा जलश्रोत उपयोगको लागि आवश्यक अध्ययन अनुसन्धान तथा आयोजना निर्माण संचालन गरी समुदायलाई सेवा पुर्याउन सक्नेछ।

(२) वैदेशिक सहयोग द्धारा अध्ययन अनुसन्धान तथा आयोजना निर्माण संचालनमा सहयोग गर्ने गराउने दातृ संघ, संस्था, निकायले नगरपालिका मार्फत नेपाल सरकारको पूर्व स्वीकृती लिएको हुनुपर्नेछ।

(३) उपदफा (१) बमोजिमको अध्ययन अनुसन्धान प्रतिवेदन तथा आयोजना नगरकार्यपालिकाले तोके बमोजिम हस्तान्तरण गर्नु पर्नेछ।

(४) दातृ संघ, संस्था, निकायले गर्ने सहयोग नगरपालिकाको प्राथमिकताको क्षेत्रमा हुनुपर्नेछ।

(५) दातृ संघ, संस्था, निकायसँगको सहकार्य सम्बन्धी अन्य कुरा प्रचलित कानून बमोजिम हुनेछ।

## परिच्छेद -३
## उपभोक्ता संस्था गठन दर्ता तथा संचालन सम्बन्धी व्यवस्था

**११. उपभोक्ता संस्थाको गठनः**

(१) सामुहिक लाभका लागि संस्थागत रुपमा जलश्रोतको उपयोग गर्न चाहने व्यक्तिहरुले तोकिए बमोजिम खानेपानी वा जलश्रोत उपभोक्ता संस्था गठन गर्न सक्नेछन।

(२) उपदफा (१) बमोजिम गठन गरिएको खानेपानी वा जलश्रोत उपभोक्ता संस्थालाई नगरपालिकामा वडा जलश्रोत समितिको सिफारिस बमोजिम दर्ता गराउनु पर्नेछ ।

(३) खानेपानी वा जलश्रोत उपभोक्ता संस्थाको दर्ता, संचालन तथा व्यवस्थापन नगरपालिकाबाट स्वीकृत विधान र अन्तर्गत बनेका विनियममा उल्लेख भए अनुसार हुनेछ ।

(४) खानेपानी वा जलश्रोत उपभोक्ता संस्थाहरुको संचालन व्यवस्थापनका क्रममा विधानमा थपघट वा सुधार गर्नु परेमा यस ऐनको विपरित नहुने गरी साधारण सभाको दुई तिहाई सदस्यले पारित गरी नगरपालिकाबाट स्वीकृति भए पश्चात मात्र लागू हुनेछ ।

(५) उपभोक्ता संस्थाको स्वीकृत विधान बमोजिम समयमा नै साधारण सभा गर्नुपर्नेछ। विधानको प्रावधान बमोजिम समयमा साधारण सभा नगरी संचालनमा रहेका उपभोक्ता संस्थाको हकमा नगरपालिकाको तर्फबाट सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र यस ऐनको दफा ४० बमोजिम लेखापरीक्षण र साधारण सभा सम्पन्न गरि नगरपालिकामा अद्यावधिक गर्नुपर्नेछ ।

(६) उपदफा (५) बमोजिम तोकिएको समय भित्र अद्यावधिक नगर्ने उपभोक्ता समितिलाई वडा जलश्रोत समिति र नगर जलश्रोत समितिको सिफारिसमा नगर कार्यपालिकाबाट भंग गरिनेछ। समिति भंग भएको अवस्थामा एउटा वडाको क्षेत्रभित्र रहेको उपभोक्ता समितिको सम्पूर्ण जिम्मेवारी दफा ३३ बमोजिम गठित वडा जलश्रोत समितिले लिनेछ र एक भन्दा बढी वडाको क्षेत्र समेटिएको उपभोक्ता संस्थाको हकमा नगर जलश्रोत समितिले जिम्मा लिनेछ। समितिको कार्य संचालन विधि र प्रकृया नगर वा वडा जलश्रोत समितिले निर्धारण गरे बमोजिम हुनेछ। समिति भंग भएको अवस्थामा ३(तिन) महिना भित्र साधारण सभा गराई कार्य हस्तान्तरण गराउनु पर्नेछ।

(७) उपदफा (६) बमोजिम उपभोक्ता समिति भंग भएको अवस्थामा समितिको अर्थिक कारोबारको जिम्मेवारी नगरकार्यपालिकाले नगर वा सम्बन्धित वडा जलश्रोत समितिलाई दिन सक्नेछ।

**१२. उपभोक्ता संस्थाको दर्ता नियमित गर्ने**

(१) यस ऐन जारी हुनु पूर्व उपभोक्ता संस्था वा सेवा प्रदायक गठन भई तोकिएका निकायमा दर्ता भएर संचालनमा रहेका उपभोक्ता संस्था यसै ऐन बमोजिम भएको मानिनेछ ।

(२) उपदफा (१) अनुसारका उपभोक्ता संस्था यस ऐन जारी भएको मितिले ३५ दिन भित्र नगरपालिकामा अद्यावधिक गर्नु पर्नेछ।

**१३. उपभोक्ता संस्था समन्वय समितको गठन**

(१) नगरपालिकामा दर्ता भएका उद्देश्य मिल्ने सार्वजनिक खानेपानी वा जलश्रोत उपभोक्ता संस्थाहरुले नगरपालिका स्तरिय जलश्रोत उपभोक्ता संस्था समन्वय समितिको गठन गर्न सकिनेछ।

(२) उपदफा (१) बमोजिमको समितिको सदस्य नगरपालिका भित्रका उद्देश्य मिल्ने सार्वजनिक उपभोक्ता संस्था हुनेछन।

(३) उपभोक्ता संस्था समन्वय समितिको कार्यसमितिमा नगर प्रमुखको संरक्षकत्वमा तोकिए बमोजिमका पदाधिकारी तथा सदस्य हुनेछन।

(४) उपभोक्ता संस्था समन्वय समितिको उद्देश्य, काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ।

(५) उपभोक्ता संस्था समन्वय समितिले नगरपालिकाको समन्वयमा विभिन्न सरकारी तथा गैर सरकारी दातृ निकायको सहयोगमा घोषित उद्देश्य पुर्तिको लागि आवश्यक कार्यहरु गर्न सक्नेछ।

(६) नगरपालिकाले उपभोक्ता संस्था समन्वय समितिको क्षमता विकास गरी उक्त समिति मार्फत नगरपालिका क्षेत्रभित्रको खानेपानी वा जलश्रोतको खोज, अनुसन्धान, संरक्षण, संम्वर्धन, विकास एंव सेवा वितरण र विस्तारमा सरलीकरण, प्रविधि तथा अनुभवको अदान प्रदान, एक अर्कामा सहयोग र नगरपालिकाको जलश्रोत नीति निर्माण लगायतका कार्य गराउन सक्नेछ।

(७) उपभोक्ता संस्था समन्वय समिति सम्बन्धी अन्य कुरा तोकिए बमोजिम हुनेछ।

## १४. जलश्रोत उपभोक्ता संस्था संगठित संस्था हुनेः

(१) जलश्रोत उपभोक्ता संस्था अविच्छिन्न उत्तराधिकारवाला सङ्गठित संस्था हुनेछ।

(२) उपभोक्ता संस्थाको आफ्नो छाप हुनेछ।

(३) उपभोक्ता संस्थाले व्यक्ति सरह चल अचल सम्पत्ती प्राप्त गर्न, बेचबिखन गर्न वा प्रचलित कानून वमोजिम व्यवस्था गर्न सक्नेछ।

(४) उपभोक्ता संस्थाले व्यक्ति सरह नालिस उजूर गर्न र उपभोक्ता संस्था उपर पनि सोही नामबाट नालिस उजूर लाग्न सक्नेछ।

(५) उपभोक्ता संस्था नगरपालिकाको नीति, नियम, निर्णय र स्वीकृत विधानको अधिनमा रही उपभोक्ता सदस्य प्रति जवाफदेही हुनेछ।

## १५. नवीकरण गर्नुपर्नेः

(१) यस ऐनको दफा ११ र १२ बमोजिमका उपभोक्ता संस्था प्रत्येक आर्थिक वर्षमा नवीकरण गर्नुपर्नेछ।

(२) नवीकरण गर्न आर्थिक वर्ष सम्पन्न भएको ३ महिना भित्र तोकिए बमोजिमको शुल्क बुझाएको प्रमाण र कागजात सहित निर्धारित ढाँचामा निवेदन दिनु पर्नेछ।

(३) उपदफा (२) बमोजिमको म्याद भित्र वा म्याद भुक्तान भएपछि तोकिएको शुल्कमा ३ महिना भित्र २५ प्रतिशत त्यस पछिको ३ महिना भित्र ५० प्रतिशत र त्यस पछी आषाढ मसान्त सम्म १०० प्रतिशत थप शुल्क तिरी नवीकरण गर्न आएमा नगरपालिकाले नवीकरण गरीदिन सक्नेछ।

(४) दोश्रो आर्थिक वर्ष समाप्त भएको ३ महिना सम्म पनि नवीकरण नगरिएमा नगर जलश्रोत समितिको सिफारिसमा उपभोक्ता संस्था विघटन गर्न सकिनेछ।

मध्यबिन्दु नगरपालिका

(५) उपदफा (४) अनुसार विघटन भएमा सबै सम्पत्ति नगरपालिकाको कायम गरि आवश्यकता अनुसार सेवा उपयोग, संचालन वा वन्द गर्न सक्नेछ ।

**१६. व्यवसाय, उद्योग वा परियोजना संचालन गर्न सक्नेः**

(१) नगरपालिकामा दर्ता तथा अद्यावधिक भएका उपभोक्ता संस्थाले वा अनुमति प्राप्त निकायले आफ्नो उद्देश्य प्राप्तिका लागि यस ऐन तथा अन्तर्गत बनेको नियमावली र स्वीकृत विधानको अधिनमा रहि आवश्यक व्यवसाय उद्योग तथा परियोजना संचालन गर्न सक्नेछ।

(२) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भएता पनि उपभोक्ता संस्थाले उपदफा (१) बमोजिम कारोबार व्यवसाय उद्योग वा परियोजना संचालन गर्न छुट्टै संस्था दर्ता गर्नुपर्ने छैन। तर यस्तो व्यवसाय उद्योग वा परियोजना संचालन गर्न प्रचलित कानून बमोजिम अनुमति स्वीकृति वा इजाजत पत्र लिनुपर्ने रहेछ भने सो बमोजिम अनुमति स्वीकृति वा इजाजत पत्र लिएर मात्र व्यवसाय उद्योग वा परियोजना संचालन गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिम उपभोक्ता संस्थाले प्रचलित कानून बमोजिम अधिकार पाएमा सो को ३ (तीन) महिना भित्र नगरपालिकालाई लिखित जानकारी दिनु पर्नेछ।

(४) नगरपालिकाको स्वीकृतिमा दुई वा दुई भन्दा बढी उपभोक्ता संस्था वा सेवा प्रदायकले संयुक्त वा साझेदारीमा आफ्नो उत्पादन वा सेवाको बजारीकरणको लागि यस ऐनको अधिनमा रही आवश्यक व्यवसाय, उद्योग वा परियोजना संचालन गर्न सक्नेछ।

(५) उपदफा (४) बमोजिमको व्यवसाय, उद्योग वा परियोजना संचालन गर्ने सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

**१७. ऋण वा अनुदान लिन सक्नेः**

(१) नगरपालिका क्षेत्रभित्र जलश्रोत विकास तथा खानेपानी आयोजना संचालन गर्न उपभोक्ता संस्था, सेवा प्रदायक संस्थाले स्वदेशी वा विदेशी दातृ निकाय, बैंक वा वित्तीय संस्था वा अन्य निकायबाट ऋण वा अनुदान लिन वा त्यस्तो निकायसँग साझेदारीमा काम गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम विदेशी दातृ निकाय, बैंक वा वित्तीय संस्था वा अन्य निकायबाट ऋण वा अनुदान लिन वा त्यस्तो निकायसँग साझेदारीमा काम गर्दा संघीय कानून बमोजिम स्वीकृति लिनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम विदेशी दातृ निकाय, बैंक वा वित्तीय संस्था वा अन्य निकायबाट ऋण वा अनुदान लिन स्वीकतिको लागि तोकिए बमोजिमको विवरणहरु सहित कार्यालय समक्ष निवेदन दिनु पर्नेछ।

(४) उपदफा (३) बमोजिम निवेदन प्राप्त भएमा कार्यालयले आवश्यक छानविन गरी नगर जलश्रोत समितिमा पेश गर्नु पर्नेछ।

(५) उपदफा (४) बमोजिमको प्रस्ताव नगर जलश्रोत समितिले उपयुक्त देखेमा स्वीकृतिको लागि नगर कार्यपालिकामा सिफारिस गर्नेछ। नगर कार्यपालिकाको निर्णय भए पश्चात सम्बन्धित मन्त्रालयमा प्रस्ताव गरी पठाउनु पर्नेछ।

**१८. छुट, सुविधा र सहुलियतः**

(१) उपभोक्ता संस्था, सेवा प्रदायक तथा उपभोक्ता संस्था समन्वय समितिलाई प्राप्त हुने छुट, सुविधा र सहुलियत संघीय तथा प्रदेश कानूनमा भएको व्यवस्था भन्दा कम नहुने गरी हुनेछ।

(२) उपदफा (१) मा उल्लिखित छुट, सुविधा र सहुलियत बाहेक नगरपलिकाले दिने अन्य छुट, सुविधा र सहुलियत नगर कार्यपालिका तथा नगर सभाले निर्णय गरे बमोजिम हुनेछ।

**१९. अनुमतिपत्रको व्यवस्थाः**

(१) जलश्रोत सर्वेक्षण वा उपयोग गर्न चाहने व्यक्ति वा सङ्गठित संस्थाले सम्बन्धित विषयको आर्थिक, प्राविधिक र वातावरणीय अध्ययन प्रतिवेदन तथा तोकिए बमोजिमका विवरणहरु खुलाई नगरपालिका समक्ष अनुमतिपत्रको लागि दरखास्त दिनुपर्नेछ।

(२) उपदफा (१) बमोजिम परेको दरखास्त नगरपालिकाले आवश्यक जाँचबुझ गरी नगर जलश्रोत समितिले निर्णय गरी तोकीए बमोजिमका ढाँचामा आवश्यक शर्तहरु तोकी दफा ६ को उपदफा (१) मा उल्लिखित प्राथमिकताक्रम अनुसार अनुमतिपत्र दिन सक्नेछ।

(३) दफा ५ को उपदफा (२) बमोजिम हुनेमा बाहेक यो ऐन प्रारम्भ हुनु भन्दा अगावै देखि जलश्रोतको उपयोग गरिरहेको व्यक्ति वा सङ्गठित संस्थाले पनि तोकीएको विवरण सहित यो ऐन प्रारम्भ भएको मितिले ३५ (पैतीस) दिन भित्र अनुमतिपत्र को लागि दरखास्त दिनुपर्नेछ।

(४) उपदफा (३) बमोजिम परेको दरखास्तमा नगरपालिकाले आवश्यक जाँचबुझ गरी नगर जलश्रोत समितिको निर्णयमा दरखास्त परेको मितिले ६० दिनभित्र अनुमतिपत्र दिन सकिनेछ।

(५) अनुमतिपत्र प्राप्त व्यक्ति वा निकायले जलश्रोतको उपयोग वापत नगरपालिकालाई तोकिए बमोजिमका दस्तुर वा वार्षिक शुल्क बुझाउनु पर्नेछ।

**२०. अनुमतिपत्र नवीकण गर्नेः**

(१) यस ऐन बमोजिम जलश्रोतको सर्वेक्षण वा उपयोगको लागि दिइएको अनुमतिपत्रमा उल्लेखित अवधि समाप्त हुनु अगावै अर्को अवधिको लागि नवीकरण गर्नु पर्नेछ।

(२) जलश्रोतको सर्वेक्षण वा उपयोगको लागि दिइएको अनुमतिपत्रको नविकरण गराउँदा तोकिए बमोजिम नवीकरण दस्तुर लाग्नेछ।

(३) अनुमतिपत्रको नवीकरण दफा १५ को उपदफा (२) (३) (४) र (५) अनुसार हुनेछ।

**२१. अनुमति खारेज गर्न सकिनेः**

(१) अनुमतिपत्र प्राप्त व्यक्ति वा संस्थाले यो ऐन र अन्तर्गतका नियम विपरित कुनै काम गरेमा नगर जलश्रोत समितिको सिफारिसमा नगरपालिकाले अवधि तोकि त्यस्तो काममा आवश्यक सुधार गर्न आदेश दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम तोकिएको अवधिभित्र अनुमतिपत्र प्राप्त व्यक्ति वा संस्थाले आवश्यक सुधार नगरेमा त्यस्तो व्यक्ति वा निकाय वा संस्थाले पाएको अनुमतिपत्र नगर कार्यपालिकाको निर्णयानुसार खारेज गरिनेछ।

(३) उपदफा (२) बमोजिम अनुमतिपत्र खारेज गर्नु अघि सम्बन्धीत अनुमतिपत्र प्राप्त व्यक्ति वा निकाय वा संस्थालाई आफ्नो सफाई पेश गर्ने मनासिव मौका दिनु पर्नेछ।

**२२. सेवा उपभोगका शर्तहरु तोक्न र सेवा शुल्क असूल उपर गर्न पाउनेः**

(१) अनुमतिपत्र प्राप्त व्यक्ति वा संस्था वा निकायले आफूले विकास गरेको जलश्रोतको उपयोगको सेवामा समानता हुने गरी वडा जलश्रोत समिति र नगर जलश्रोत समितिले गरेको सिफारिसका आधारमा नगरसभाले तोके बमोजिम त्यस्तो सेवा वापत शुल्क असूलउपर गर्न सक्नेछ।

(२) संघ, प्रदेश र नगरपालिकाले विकास गरेको जलश्रोतको उपयोगको सेवा अन्य कसैलाई उपलब्ध गराए वापतका सेवा शुल्क तोकिए बमोजिम निर्धारण गरी असूल उपर गर्न सक्नेछ।

(३) सेवा उपभोग गरे वापत बुझाउनु पर्ने शुल्क नबुझाउने वा त्यस्तो सेवा अनाधिकार रुपले उपयोग गर्ने वा सेवा दुरुपयोग गर्ने वा शर्त विपरित सेवा उपभोग गर्नेको हकमा सेवा प्रदायकले त्यस्तो सेवा बन्द गर्न सक्नेछ।

मध्यबिन्दु नगरपालिका

## २३. अरुका घर जग्गामा प्रवेश गर्न सक्नेः

(१) नगरपालिकाले वा अनुमतिपत्र प्राप्त व्यक्ति वा निकाय वा संस्थाले जलश्रोतको सर्वेक्षण वा उपयोगको सिलसिलामा कसैको घर जग्गामा प्रवेश गर्नु परेमा अनुमतिपत्र प्राप्त व्यक्तिले खटाएको कर्मचारीले सम्बन्धित व्यक्तिलाई पूर्व सूचना दिएर मात्र त्यस्तो घर जग्गामा प्रवेश गर्न सक्नेछ।

(२) त्यसरी प्रवेश गर्दा कुनै हानी नोक्शानी हुन गएमा अनुमतिपत्र प्राप्त व्यक्ति वा निकाय वा संस्थाले तोकिए बमोजिम क्षतिपूर्ति दिनेछ।

(३) कुनै घर जग्गामा जलस्रोतका अनाधिकृत उपयोग वा दुरुपयोग गरेको देखिएमा सो कुराका जाँचबुझ गर्न वा कुनै दुर्घटनाबाट बचाउन पूर्व सूचना बिना नगरपालिकाको स्वीकृतिमा सम्बन्धित घर जग्गामा प्रवेश गर्न बाधा पुगेको मानिनेछैन।

## २४. अरुको घर जग्गाको उपयोग वा प्राप्तिः

(१) जलस्रोतको उपयोगका लागि देहायको कुनै काम गर्न अरु कसैको घर जग्गा उपयोग गर्न वा प्राप्त गर्न आवश्यक परेमा अनुमतिपत्र प्राप्त व्यक्ति वा निकाय वा संस्थाले नगरपालिका समक्ष तोकिए बमोजिम निवेदन दिन सक्नेछ :-

(क) बाँध वा तटबन्द बाँधन,

(ख) नहर, कुलो वा सुरुङ्ग खन्न,

(ग) जमीन माथि वा मुनि पानीको टयाङ्की बनाउन वा पाइप लाइन बिछ्याउन,

(घ) पोखरी बनाउन वा जल वितरण केन्द्र स्थापना गर्न,

(ङ) जलस्रोतको विकास सित सम्बन्धित अरु आवश्यक निर्माण कार्य गर्न।

(२) उपदफा (१) बमोजिमका निवेदन प्राप्त भएमा नगरापालिकाले तत् सम्बन्धमा आवश्यक जाँचबुझ गरी प्रचलित कानून बमोजिम सङ्गठित संस्थालाई जग्गा प्राप्त गराई दिए सरह अनुमतिपत्र प्राप्त व्यक्ति वा निकाय वा संस्थालाई त्यस्तो घर जग्गा प्राप्त गराईदिन सक्नेछ।

(३) उपदफा (२) जुनसुकै कुरा उल्लेख भएपनि अरु कसैको घर जग्गा उपयोग गर्न वा प्राप्त गर्न संघीय तथा प्रदेश कानूनमा उल्लेख भए बमोजिम हुनेछ।

(४) अनुमतिपत्र प्राप्त व्यक्ति वा निकाय वा संस्थाले खानेपानी वा जलस्रोतको विकास वा उपयोग सम्बन्धी कुनै निर्माण कार्य गरेकोमा त्यस्तो निर्माण कार्य भएको ठाँउ वा सो ठाँउको वरिपरि तोकिएको दूरीमा पर्ने घर जग्गा अरु कसैले कुनै खास कामका निमित्त प्रयोग गर्न नपाउने गरी निषेध गर्न नगरपालिकालाई अनुरोध गर्न सक्नेछ।

(५) उपदफा (४) बमोजिम निषेध गरिएको कारणबाट सम्बन्धित व्यक्तिलाई परेको वा पर्न सक्ने हानी नोक्सानी हुने अनुमतिपत्र प्राप्त व्यक्ति वा निकाय वा संस्थाले उचित क्षतिपूर्ति भराई दिनु पर्नेछ।

## २५. जलस्रोतको उपयोगसंग सम्बन्धित संरचनाको सुरक्षाः

(१) खानेपानी वा जलस्रोतको उपयोगसंग सम्बन्धित कुनै स्थान वा वस्तु वा संरचनाका सुरक्षाको लागि अनुमतिपत्र प्राप्त व्यक्ति वा निकाय वा संस्थाले अनुरोध गरेमा वा सुरक्षा गर्न आवश्यक ठानेमा नगरपालिकाले आवश्यक प्रबन्ध गर्न, गराउन सक्नेछ।

(२) उपदफा (१) बमोजिम अनुमतिपत्र प्राप्त व्यक्ति वा निकाय वा संस्थाको अनुरोधमा सुरक्षा प्रवन्ध गरिएकोमा त्यसको लागि लाग्ने खर्च सम्बन्धित पक्षबाट व्यहोर्न लगाउन सकिनेछ।

## २६. जलस्रोतको गुणस्तर तोक्नेः

(१) नगरपालिकाले संघ वा प्रदेश सरकारको मापदण्ड बमोजिम जलस्रोतको विभिन्न उपयोगको सम्बन्धमा आवश्यक गुणस्तर तोक्न सक्नेछ।

(२) जलस्रोतको उपयोग गर्दा उपभोक्ता संस्था तथा सेवा प्रदायकले उपदफा (१) बमोजिम तोकिएको गुणस्तर कायम हुने गरी सेवा तथा व्यवसाय सञ्चालन गर्नुपर्नेछ।

## २७. जलस्रोतलाई प्रदूषित गर्न नहुनेः

(१) नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकेको जलस्रोतको प्रदूषण सहन-सीमाको ध्यान दिई प्रदुषण नियन्त्रण गर्न सबै निकाय र व्यक्तिको कर्तव्य हुनेछ।

(२) उपदफा (१) बमोजिम तोकिएको जलस्रोतको प्रदूषण सहन-सीमा नाघ्ने गरी कसैले पनि कुनै किसिमका फोहरमैला, औद्योगिक निकास, विष, रसायनिक वा विषालु पदार्थ हाली वा प्रयोग गरी जलस्रोतलाई प्रदूषित गर्न पाईनेछैन।

(३) कुनै जलस्रोत प्रदूषित भए नभएको वा कुनै जलस्रोत उपयोगको सम्बन्धमा दफा २७ को उपदफा (१) बमोजिम तोकिएको गुणस्तर भए नभएका सम्बन्धमा नगरपालिकाले आवश्यकता अनुसार परीक्षण गर्न गराउन सक्नेछ।

## २८. वातावरणमा उल्लेखनीय प्रतिकूल असर पार्न नहुनेः

(१) जलस्रोतको उपयोग गर्दा भु-क्षय, बाढी, पहिरो वा यस्तै अरु कारणद्धारा वातावरणमा उल्लेखनीय प्रतिकूल असर नपर्ने गरी गर्नुपर्नेछ।

# परिच्छेद- ५
# नगर जलस्रोत समिति सम्बन्धी व्यवस्था

**२९. नगर जलस्रोत समितिको गठनः**

(१) नगरपालिका भित्र रहेको जलस्रोत उपयोगको लागि आवश्यक अध्ययन अनुसन्धान एवं जलस्रोत उपयोगको लागि अनुमति प्रदान गर्ने, उपभोक्ता संस्था दर्ता सञ्चालन व्यवस्थापन, नियमन तथा तोकिए बमोजिम नगरेमा अनुमति पत्र खारेज गर्ने प्रयोजनको लागि देहाय बमोजिमको नगर जलस्रोत समिति रहनेछ।

| | |
|---|---|
| नगर प्रमुख | - संयोजक |
| उप प्रमुख | - सदस्य |
| प्रमुख प्रशासकीय अधिकृत | - सदस्य |
| सम्बन्धित विषयगत समिति संयोजक | - सदस्य |
| सम्बन्धित शाखा प्रमुख | - सदस्य सचिव |

**३०. नगर जलस्रोत समितिको बैठक र कार्य प्रक्रियाः**

(१) समितिको बैठक आवश्यकता अनुसार बस्नेछ।

(२) आवश्यकता अनुसार समितिको बैठकमा सम्बन्धित सरोकारवाला वा विज्ञलाई आमन्त्रण गरी राय परामर्श लिन सकिनेछ।

(३) समितिको बैठक भत्ता तथा सुविधा विषयगत समिति सरह हुनेछ।

(४) स्थानीय जलस्रोत समितिको सञ्चालन व्यवस्थापन एंव बैठक सम्बन्धी कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

**३१. नगर जलस्रोत समितिको काम कर्तव्य र अधिकारः**

(१) जलस्रोत उपयोग र सर्वेक्षण सम्बन्धमा इजाजत पत्र प्रदान गर्न स्वीकृति दिने,

(२) जलस्रोत उपयोग सम्बन्धमा सम समायिक अध्ययन, अनुसन्धान तथा आवश्यक नीतिगत सुझाव कार्यपालिका समक्ष सिफारिस गर्ने।

(३) नगरपालिका भित्र खानेपानी वा जलस्रोत उपभोक्ता संस्था दर्ता, संचालन, व्यवस्थापन, क्षमता विकास र नियमन योजना तयार गरी लागु गर्ने।

(४) नगरपालिका क्षेत्रभित्र जलस्रोत आपूर्ती उपयोग, विवाद तथा उजुरी उपर छानविन, स्थलगत निरीक्षण गरी आवश्यक निर्देशन दिने।

(५) जलस्रोत उपयोग सम्बन्धमा कुनै प्रश्न उठेमा वा परम्परा देखि जलस्रोत उपयोग गरेकोमा अन्यथा भएको देखिएमा आवश्यक जाँचबुझ गर्ने गराउने।

(६) अनुगमन तथा जाँच गर्दा वा गराउँदा तोकिएको शर्त बमोजिम जलस्रोतको उपयोग नगरेको देखिएमा त्यस कार्यमा सलग्न व्यक्ति उपर प्रचलित कानून बमोजिम कारवाही गर्न कार्यपालिका र सम्बन्धित निकायमा सिफारिस गर्ने।

(७) खानेपानी तथा जलस्रोत उपभोक्ता संस्था समन्वय समिति गठन तथा सञ्चालन व्यवस्थापनमा आवश्यक सहयोग गर्ने।

(८) दर्ता नभई सञ्चालनमा रहेका तथा अवैध उपभोक्ता संस्था वा सेवा प्रदायकलाई नियन्त्रण र दर्ता भई संचालनमा रहेका उपभोक्ता संस्था वा सेवा प्रदायकहरुले तोकिएको शर्त अनुरुप कार्य गरे नगरेको अनुगमन गर्ने।

(९) उपभोक्ता संस्था वा सेवा प्रदायकलाई आवश्यक निर्देशन दिने, सचेत गराउने, गुणस्तर कायम राख्न सूचक निर्धारण गर्ने र प्रगति मूल्याङ्कन गरी सेवाका आधारमा आवश्यक प्रोत्साहन र दण्ड गर्ने।

(१०) उपभोक्ता संस्था वा सेवा प्रदायकले उपलब्ध गराएको सेवा सुबिधाको गुणस्तर कायम गराउने तथा सो वापतको सेवा शुल्क निर्धारण गर्ने ।

(११) सेवाग्राही तथा कर्मचारीको गुनासो सुन्ने तथा सम्बोधन गर्ने गराउने।

(१२) तोकिए बमोजिम अन्य कार्यहरु गर्ने ।

**३२. वडा स्तरीय जलस्रोत समितिः**

(१) वडा भित्र रहेको जलस्रोत उपयोगको लागि आवश्यक अध्ययन अनुसन्धान एंव जलस्रोत उपयोगको अनुमतिका लागि सिफारिस गर्ने र अन्य नियमन तथा तोकिए बमोजिम नगरेमा अनुमति पत्र खारेजीका लागि सिफारिस गर्ने प्रयोजनको लागि देहाय बमोजिमको वडा जलस्रोत समिति रहनेछ।

| | |
|---|---|
| वडा अध्यक्ष | -संयोजक |
| वडा सदस्य र वडामा स्थायी ठेगाना भएको कार्यपालिका सदस्य | -सदस्य |
| वडा सचिव | -सदस्य सचिव |

(२) यस समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

१. जलस्रोत उपयोग र सर्वेक्षण सम्बन्धमा इजाजत पत्र प्रदान गर्न सिफारिस गर्ने,

२. वडा भित्र खानेपानी वा जलस्रोत उपभोक्ता संस्था दर्ता, संचालन, व्यवस्थापन, क्षमता विकास र नियमन गर्न तथा जलस्रोत आपूर्ती उपयोग, विवाद तथा उजुरी उपर छानविन, स्थलगत निरीक्षण गर्न सहजीकरण गर्ने,

३. अनुगमन तथा जाँच गर्दा वा गराउँदा तोकिएको शर्त बमोजिम जलस्रोतको उपयोग नगरेको देखिएमा त्यस कार्यमा संलग्न व्यक्ति उपर प्रचलित कानून बमोजिम कारवाही गर्न सम्बन्धित निकायमा सिफारिस गर्ने,

४. सेवाग्राही तथा कर्मचारीको गुनासो सुन्ने तथा सम्बोधन गर्ने गराउने,

५. तोकिए बमोजिम अन्य कार्यहरु गर्ने।

## परिच्छेद -६

## निरीक्षण तथा अनुगमन एवं दण्ड सजाय र पुनरावेदन सम्बन्धी व्यवस्था

३३. **निरीक्षण तथा अभिलेख जाँच गर्नेः**

(१) नगर जलस्रोत समिति र वडा जलस्रोत समितिले जुनसुकै बखत उपभोक्ता संस्था, सेवा प्रदायक निकायले संचालन गरेको आयोजना, उत्पादन तथा सेवाको निरीक्षण अनुगमन गरी आवश्यक निर्देशन दिन सक्नेछ।

(२) अनुगमनका क्रममा सार्वजनिक उपभोक्ता संस्था तथा सेवा प्रदायकको हिसाव जाँच गर्न र गराउन सक्नेछ।

(३) उपदफा (१) वा (२) बमोजिम निरीक्षण हिसाव जाँच गर्दा यस ऐन र अन्तर्गत बनेको नियमावली, निर्देशिका, मापदण्ड वा कार्यविधि र सम्बन्धित संस्थाको विधान बमोजिम नभएको पाइएमा दिइएको निर्देशनको पालना गर्नु सम्बन्धितको कर्तव्य हुनेछ।

(४) दफा (११) बमोजिम गठित उपभोक्ता संस्थामा कार्यरत कर्मचारीहरुको सेवा प्रवाहको सम्बन्धमा लाभग्राहीको तर्फबाट गुनासो सुन्ने र निजहरुको काम सन्तोषजनक नभएको अवस्थामा आवश्यक कानूनी कारवाहीको लागि लेखी पठाउन सकिनेछ।

३४. **छानविन गर्न सक्नेः**

(१) कुनै उपभोक्ता संस्था वा सेवा प्रदायकको सेवा तथा कार्य प्रकृया सन्तोषजनक नभएको, सदस्य वा सेवाग्राहीको हित विपरीत काम भएको वा उद्देश्य विपरीत कार्य गरेको भनी सदस्य वा सेवाग्राहीले छानविनको लागि निवेदन दिएमा वा नगरपालिकालाई यस ऐन विपरित काम भएको छ भन्ने कुनै जानकारी प्राप्त भएमा नगर जलस्रोत समिति वा वडा जलस्रोत समितिले छानविन गर्न, गराउन सक्नेछ।

(२) उपदफा (१) बमोजिम छानबिन गर्दा माग गरेको विवरण वा कागजात उपलब्ध गराई सहयोग गर्नु सम्बन्धित संस्था वा सेवा प्रदायकको कर्तव्य हुनेछ।

(३) छानबिन गर्दा कुनै कसुर भेटिएमा तोकिए बमोजिम जरिवाना, विगो, हर्जना सहित प्रचलित कानून बमोजिम कारवाही गर्न नगर कार्यपालिका समक्ष सिफारिश गर्नुपर्नेछ।

**३५. दण्ड सजाय सम्बन्धी व्यवस्थाः**

(१) कसैले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम उल्लङ्घन गरेमा निजलाई नगरपालिकाले विगो तथा सो बराबरको हर्जना वा पाँच हजार रुपैयाँ सम्म वा दुवै जरिवाना गर्न सक्नेछ र त्यस्तो कसुरबाट कसैको हानी नोक्सानी भएको रहेछ भने निजबाट त्यस्तो हानी नोक्सानी बापतको क्षतिपूर्ति समेत भराई दिन सक्नेछ।

(२) कसैले यस ऐन बमोजिम अनुमतिपत्र लिनुपर्नेमा सो नलिइ वा अनुमतिपत्रमा उल्लेख भएका शर्तहरु पालना नगरी जलस्रोतको उपयोग गरेमा निजलाई नगरपालिकाले बिगो तथा सो बराबरको हर्जना वा पाँच हजार रुपैयाँ सम्म वा दुबै जरिवाना गरी र त्यस्तो काम बन्द गराउन सक्नेछ।

(३) कसैले बदनियतका साथ कुनै खानेपानीको मुहान, बाँध, नहर वा जलस्रोतको उपयोगसंग सम्बन्धित कुनै संरचना वा त्यस्तो संरचनामा असर पार्ने अन्य कुनै संरचना भत्काएमा, बिगारेमा वा कुनै किसिमले हानी नोक्सानी पुऱ्याएमा वा त्यस्तो कुनै काम कुराको लागि दुरुत्साहन गरेमा वा त्यस्तो काम गर्ने उद्योग गरेमा निजबाट हानीनोक्सानीका बिगो असूल गरी निजलाई बिगो बमोजिम जरिवाना गरी प्रचलित संघीय तथा प्रदेश कानून अनुसार सजाय हुनेछ।

## परिच्छेद -७
## विविध

**३६. नियम बनाउने अधिकारः**

(१) यस ऐनको उद्देश्य कार्यान्वयन गर्न, गराउन नगर कार्यपालिकाले आवश्यक व्यवस्थाहरु सहितको नियमावली कार्यविधि, निर्देशिका र मापदण्ड स्वीकृत गरी लागू गर्नेछ ।

(२) नियम बनाउँदा उपदफा (१) ले दिएको अधिकारको सर्वमान्यतामा कुनै प्रतिकूल प्रभाव नपर्ने गरी नगर कार्यपालिकाले देहायका विषयमा नियमहरु बनाउन सक्नेछन:

(क) खानेपानी, सिंचाइ, जल यातायात, औद्योगिक उपयोग, आमोद प्रमोद सम्बन्धी उपयोग र जलस्रोतको यस्तै अन्य उपयोग सम्बन्धी विषय,

(ख) जलस्रोत संरक्षण, बाढी नियन्त्रण तथा पहिरो रोकथाम सम्बन्धि विषय,

(ग) वातावरण सम्बन्धि विषय,

(घ) जलस्रोतसंग सम्बन्धित सेवा उपयोग गरे वापत नगरपालिकालाई बुझाउन पर्ने शुल्क, दस्तुर इत्यादि संग सम्बन्धित विषय,

(ङ) जलस्रोतको प्रदूषण रोक्ने सम्बन्धी विषय,

(च) जलस्रोतका विभिन्न उपयोगका तरीका सम्बन्धि विषय,

(छ) जलस्रोतको उपषोगबाट उत्पन्न सेवाका स्तर निर्धारण सम्बन्धि विषय,

(ज) जलस्रोतको उपयोगबाट हुन सक्ने दुर्घटना र त्यसको जाँचबुझ तथा क्षतिपूर्ति सम्बन्धी विषयहरु,

(झ) उपभोक्ता संस्था र उपभोक्ता सम्बन्धी अन्य व्यवस्थाको साथै उपभोक्तालाई संरक्षण र सुविधा दिने विषयहरु,

(ञ) जलस्रोतको विकास तथा उपयोग सम्बन्धी अन्य आवश्यक कुराहरु,

**३७. संक्रमणकालीन व्यवस्थाः**

यस ऐनमा तोकिए बमोजिम हुने भनी व्यवस्था गरेको कार्य, नियमावली, कार्यविधि नबन्दा सम्म नगर कार्यपालिकाले निर्णय गरे बमोजिम हुनेछ ।

**३८. बाधा अडकाउ फुकाउनेः**

यस ऐनको उद्देश्य कार्यान्वयन गर्न कुनै बाधा अड्काउ परेमा कार्यपालिकाले त्यस्तो बाधा अड्काउ फुकाउन सक्नेछ।

**३९. लेखा र लेखापरीक्षण:**

(१) उपभोक्ता संस्थाको आर्थिक कारोबारको लेखा दोहोरो श्रेस्ता प्रणाली अनुसार राखी प्रत्येक आ.व. को लागि वित्तीय प्रतिवेदन तयार गरी सार्वजनिक गर्नुपर्नेछ।

(२) संस्थाले आर्थिक वर्ष समाप्त भएको तीन महिना भित्र दर्तावाला लेखापरीक्षक मध्येबाट सम्बन्धित संस्थाको साधारण सभाले तोकेको लेखा परीक्षकबाट लेखापरीक्षण गराउनु पर्नेछ।

(३) लेखापरीक्षकको पारिश्रमिक र अन्य सेवा सुविधा संस्थाको साधारण सभाले तोके बमोजिम हुनेछ । यस सम्बन्धि सम्पूर्ण दायित्व लेखा परीक्षण गर्ने जलस्रोत उपभोक्ता संस्थाबाट व्यहोर्नु पर्नेछ ।

(४) प्रत्येक वर्षको लेखापरीक्षण प्रतिवेदनको एक प्रति नगरपालिका समक्ष पेश गर्नु पर्नेछ।

मध्यबिन्दु नगरपालिका

**४०. बचाउ र लागुः**

(१) यस ऐनमा उल्लेखित विषयहरु सोहि बमोजिम र अन्यमा प्रचलित कानून बमोजिम हुनेछ।

(२) यस ऐनमा लेखिएको कुराले कुनैपनि कसुरमा प्रचलित कानुन अनुसार कारवाही चलाउन बाधा पर्ने छैन्।

(३) यस अघि खानेपानी वा जलस्रोतसंग सम्बन्धित रहेका काम कारवाहीहरु यसै ऐन अनुसार भएको मानिनेछ।

(४) दफा (११) बमोजिम गठित उपभोक्ता संस्थाको विधान यस ऐन संग बाझिएको हदसम्म अमान्य हुनेछ। यो ऐन लागु भएको एक वर्षभित्र यस ऐन बमोजिम बाझिएका प्रवधानहरुको शंसोधन साधारण सभाबाट गरी स्वीकृतिका लागि नगरपालिका समक्ष पेश गर्नु पर्नेछ।

आज्ञाले,
रमेश घर्ति
प्रमुख प्रशासकीय अधिकृत

मध्यविन्दु नगरपालिका